साप्ताहिक

# आरसी टाइम्स

Aarsee Times Weekly

(Agrarian News Letter) (कृषिमूलक खबरपत्रिका)

❒ वर्ष १५ ❒ अंक २ ❒ पूर्णांकः ६७० ❒ पोखरा, २०७७ मंसिर २९ गते सोमबार ❒ Dec . 14, 2020 ❒ पृष्ठ ६ मूल्य रु. १०

## सामुहिक आलु खेति अभियान विस्तार



**❒आरसी टाइम्स व्युरो**
**लमजुङ्ग, मंसीर २९**

सामुहिक आलु खेतिको अभियानमा सहजीकरण गर्दै आएको कृषि ज्ञान केन्द्र लमजुङ्गको साझेदारीका क्रियाकलापहरु विभिन्न गाउँ तथा नगरपालिकाहरुमा विस्तार हुदै गएका छन् । हालै मात्र राईनास नगरपालिका ९ मा रहेको राईनासकोट अर्गानिक कृषक समूह र कालिका कृषक समुहले ३०, ३० रोपनी जग्गामा सामुहिक आलु खेति सुरुवात गरेका छन् । लमजुङको धार्मिक एवं पर्यटिकीय स्थान मानीने राइनाशकोटमा कृषकहरुले पर्यटकहरुलाई लक्षीत गर्दै स्थानीय बस्तुको प्रयोगलाई बढावा दिन यस्तो कार्यको थालनी गरेका हुन् । कार्यक्रमको सुरुवात गर्दै राईनास नगरपालिकाका प्रमुख सिंह बहादुर थापाले घरबास पर्यटन सन्चालन भएको यस ठाउँमा प्राङारिक उन्मुख उत्पादनमा जोड दिनु पर्ने बताए । राईनास नगरबासीहरुलाई आलुमा आत्मनिर्भर बनाउन कृषि ज्ञान केन्द्रले नसमेटेका अन्य कृषकलाई नगरपालिकाले सहयोग गर्ने प्रमुख थापाले बताए । कार्यक्रममा कृषि ज्ञान केन्द्रका प्रमुख रोहिणिराज घिमिरेले ३० रोपनीमा एउटै क्लस्टरमा खेती गर्ने किसानलाई सहयोग गर्ने बताए । हिउदे र बर्षे गरि जिल्लाभर ३० हेक्टरमा यस्तो कार्यक्रम सन्चालन गर्ने पनि घिमिरेले बताए । बिष्णुमाया गुरुङको अगुवाइमा भएको उक्त कार्यक्रममा दुबै समुहका ४१ जना कृषकहरु सहभागी भएका छन् भने सोहि वडाका वडाध्यक्ष देवबहादुर थापाले पनि संबोधन गरेको कृषि प्रविधिक विजय पौडेलले जनाएका छन् ।

## बाँझो जमिन सदुपयोग गर्ने कृषकहरुलाई अनुदान



**❒लक्ष्मण विसि/आरसी टाइम्स**
**पर्वत, मंसीर २९**

पर्वतको फलेवास नगरपालिकाले बाँझो जमिन सदुपयोग गरि खेतीगर्ने ९७ जना कृषकहरुलाई १० लाख ५१ हजार अनुदान रकमप्रदान गरेको छ । क्षेत्रफलका आधरमा कृषकहरुलाई प्रतिरोपनी २ हजारका दरले उक्त अनुदान रकम प्रदान गरिएको कृषिशाखा प्रमुख सन्तोष सुवेदीले जानकारी दिए ।

विगत २ वर्ष पहिले देखि सवै वडामा गरि कुल ५ सय २५.५ रोपनी क्षेत्रफल बाझौँ रहेको खेतबारीमा खेतिगरि ८५ मेट्रिक टन धान र ५ मेट्रिक टन कोदो उत्पादन भएको उनले बताए ।

नगरले कृषकमैत्री कार्यक्रम गरेको र बांझो जमिनलाई हराभरा बनाइ आयातलाई प्रतिस्थापन गर्ने सोचकासाथ कार्यक्रम अगाडि बढाएको नगरप्रमुख पदमपाणी शर्माले बताएका छन् । पालिकाले श्रमिक कल्याणकारी कोष, कृषि ऋृणमा व्याज अनुदान जस्ता कार्यक्रम संचालन गरिएको समेत उनले बताए । उत्पादनमा जोड दिन कृषकहरुलाई प्रोत्साहन र सम्मानका कार्य पनि गरिएको शर्माले बताए ।

कोरोना भाईरस (कोभिड(१९) विश्वव्यापी रुपमा फैलिरहेको अवस्थामा हुनसक्ने सम्भावित खाद्यसङ्कटलाई मध्यनजरगरी फलेवास नगरपालिकाले खाद्य सुरक्षाकालागि बाँझो जमिनमा खाद्यान्न उत्पादनका लागि प्रोत्साहन कार्यक्रम तयार गरेको थियो । नगरको वडा नं.१ मा ११ रोपनी ,२ मा १३ रोपनी, ३ मा २ सय ५० रोपनी, ४ मा ४८ रोपनी, ५ मा ५५ रोपनी, ६ मा ३ रोपनी, ७मा ३६ रोपनी, ८ मा १७ रोपनी, ९ मा ११.५ रोपनी, १० मा ५० रोपनी र वडा नं. ११ मा ३१ रोपनीगरि ५ सय २५.५ रोपनीबांझो जमीन सदुपयोग गरि कृषकहरुले धान तथा कोदो रोपेको सुवेदीले बताए ।

फलेवास नगरपालिकाको कार्यालयबाट गरिएको बाली कटानी सर्वेक्षणमा प्रतिहेक्टर २.७ मेट्रिक टन देखि ४.८ मेट्रिन सम्म उत्पादन भएको पाईएको छ । बाँझो जमिनमा गरिएको खेतिमा अन्यभन्दा १८ प्रतिशतले बढी पाईएको छ । सिचाईको राम्रो सुविधा भएको, उन्नतविउ, मलजल राम्रो भएको र क्लिन फलेवास ग्रिनफलेवास अभियान अनुसार अनउत्पादक रुख काटछाटँ गरेको स्थानमा राम्रो उत्पादनभएको पाईएको छ भने अझै ओसेपिलो र अनुत्पादक रुख काटछाटँ नगरिएको स्थानमा उत्पादन कमपाईएको जनाइएको छ । मौसम अनुकुलता, अनुत्पादक रुख काटछाटँ गरि खेतिगर्नाले नगरपालिकाको समग्र धानउत्पादन १२ प्रतिशत र उत्पादकत्व ९.८५ प्रतिशतले बढेको बताइएको छ । गतआव ०७६।०७७ मा कुल १९१३ हेक्टर क्षेत्रफलमा ५४३३ मेट्रिक टन धान उत्पादन र उत्पादकत्व .८४ टन प्रति हेक्टर थियो भने यस आ व २०७७।०७८ मा क्षेत्रफल १ हजार ९५५ हेक्टरमा ६ हजार ९६ मेट्रिक टन धानउत्पादन र उत्पादकत्व ३.१२ मेट्रिक टन रहेक्टर रहेको समेत सुवेदीले बताए ।


त्यसै गरि कोदो यस आ व २०७७।०७८ मा १ हजार ७७८ हेक्टरमा २ हजार ४०० मेट्रिकटन उपादन भएको जनाइएको छ । गैरीखेत टारी, टारीखेत बारी खरबारी र झाडी बन्दै गरेको अवस्थामा बाँझो जमिनलाई हराभरा बनाउन नगरपालिकामा बिगत २ वर्ष पहिले देखि बाझो रहेको जमिनमा खेतिगर्न प्रोत्साहन गर्ने उदेश्यका साथ गत जेठमा सुचना प्रकाशन गरि नगरका कृषकहरुलाई जानकारी गराईएको थियो । कृषकहरुले सम्बन्धित टोलबाट खेतबारी २ बर्ष पहिले देखि बाझो रहेको प्रमाणित गरी नागरिकताको प्रतिलिपि, खेतिगरिएको जग्गाको लालपुर्जा वा भाडामा लिएको हकमा करार सम्झौतापत्र सहित वडा कार्यालयमा निवेदन दिएको र रितपुर्वक दर्ता भएका निवेदनको वडा कार्यालयबाट जनप्रतिनिधि, वडा सचिव र वडामा कार्यारत प्राबिधिकबाट सघन अनुगमन गरी नगरपालिकामा पेश गरिएको थियो । नगरपालिकामा पेशगरिएको निवेदनको नगरपालिका कृषिविकास शाखाबाट पुनः अनुगमन तथाबाली कटानि सर्वेक्षण पनि गरिएको थियो ।

## वर्षौंदेखि बाँझो रहेको जग्गामा युवाहरुको तरकारी खेती

**❒ ज्ञानु पंगेनी/आरसी टाइम्स**
**नवलपूर, मंसीर २९**

वर्षौंदेखि बाँझो रहेर चरिचरण बनेको जग्गामा यहाँका चार जना युवा मिलेर तरकारी खेती सुरु गरेका छन् ।

बर्षौसम्म बाँझो रहदा खेल मैदान र चररिचरणमा परिणत भएको नवलपुरको देवचुली नगरपालिका १५ धौलागीरी चोक नजिकको ३ बिघा जग्गामा अहिले तरकारीले हरियाली हुँदा आसपासका बासिन्दा पनि दंग छन् । खेती सुरु गर्दा यस्तो जग्गामा पनि के तरकारी खेती थालेका होलान भनेर खिसिटिउरी गर्नेहरु अहिले स्यावासी दिन्छन् ।



नवलपुरको कावासोती नगरपालिकाका चार जना युवाहरु मिलेर अहिले ३ बिघा क्षेत्रफलमा तरकारी खेति गरेका छन् । वर्षौंदेखि बाँझो रहेको जग्गा भाडामा लिएर संगत कृर्षि तथा पशुपन्छी प्राली फर्म दर्ता गरि तरकारी खेती सुरु गरेका हुन् ।

कोहि वैदेशिक रोजगारी , कोहि भारतमा रोजगारी त, कोहि आफ्नै ठाउमा व्यापार व्यवसाय गर्दै आएका उनीहरुले कोरोना संक्रमणका कारण आर्थिक समस्या आउन सक्ने सोँचेर कृषि पेशालाई अंगालेका हुन् । 'बाहिरबाट फर्केपछि नेपालमा के गर्ने भन्ने चिन्ता लागिरन्थ्यो । कोरोनाका कारण व्यापार व्यवसाय गर्न पनि ठप्पै थियो । कोरोना संक्रमणका कारण बाहिर जाने अवस्था थिएन । आयश्रोत नहुँदा परिवार कसरी पाल्ने भन्ने चिन्ताले सधैँ पिरल्थ्यो । गाउकै चारजनाले सल्लाहा गर्‍यौँ । कृषिबाट नै जिवन उकास्न सकिन्छ भन्ने लाग्यो त्यसैले यो पेशा सुरु गर्‍यौँ । ' कृषक रामहरी सापकोटाले भने । कुवेतमा चार वर्ष काम गरेर नेपाल फकिएका सोपकोटासंगै कावासोतीका राम बहादुर श्रेष्ठ , राजेन्द्र गुरुङ्ग र विशाल शर्मा मिलेर तरकारी खेती सुरु गरेका हुन । 'तिनचार महिना त लकडाउनले त्यसै बस्यौँ तर ,सधैँभरी घरमा बसेर त कसरी घरखर्च चलाउने ?केहि त गर्नै पर्छ भन्ने सोँचेर गत जेठ महिनाबाट खेती सुरु गरेका हौँ । ' राजेन्द्र गुरुङ्गले भने । अहिले खेतमा टमाटर, काउली ,घिउसिमी ,खुसानी ,धनीया , भेन्टा ,मटर हरियो भएका छन् । यस अघि बोडि र कात्रोखेती लगाएर बिक्री समेत गरिसकेको गुरुङ्गले बताए ।

अर्गानिक उत्पादनलाई प्राथमिकता दिनुपर्छ भन्ने सोँचले आफुहरुले अर्गानिक तरकारी खेती गरेको सापकोटाले बताए । 'हामिले आफै मल बनाएर , गाईभैँसीको मल प्रयोग गरेका छौ । विषादी निकै कम प्रयोग गरेका छौँ । स्वास्थ्यका लागि अर्गानिक तरकारी राम्रो हुने भएकाले अगानक उत्पादनलाई जोड दिएका हौँ । तर , उपभोक्ताले भने अर्गानिक भन्दा विकासे नै बढि किन्छन् , अर्गानिक तरकारी बाङ्गो हुन्छ , सर्लक्कको हुँदैन त्यसैले होला बिक्री गर्न केहि गाह्रो हुने गरेको छ ।' सापकोटाले भने । 'सुरुआत भएर गएको सिजनमा केहि कम उत्पादन भयो त्यसैले तरकारी स्थानिय बजारमा नै पठायौ तर, अब उत्पादन हुने तरकारी स्थानिय बजारमा मात्रै खपत हुन गाह्रो छ । अहिले उत्पादन बृद्धि हुन्छ त्यसैले नारायणगढ, काठमाण्डौ पठाउने योजना गरेका छौँ । 'सापकोटाले बताए । 'सुरुआतको भन्दा पछिल्लो पटक लगाएको तरकारी राम्रो हुदै गएको छ । बाँझो र रुखो जमिन भएकाले मलिलो हुन समय लागेको हो अब, भने जमिन मलिलो भईसकेको छ ।अब हामीले बेमौसमी तरकारी पनी लगाउने सोँचमा छौ ।'सापकोटाले भने ।

३ बिगाहा जमिन मध्ये ३५ कठठा मा तरकाली छ भने बाँकी १५ कठठा जमिनमा खोर बनाएर माछा पालन , बंगुर पालन , हाँस पालन गर्ने योजना रहेको विशाल शर्माले बताए ।

२८ वर्ष भारतको पञ्जापमा काम गरेर फर्किएपछि कावासोतीमा फेन्सी पसल सञ्चालन गर्दै आएका शर्माले लकडाउनले गर्दा पसल बन्द गर्नुपर्दा आयश्रोतको बाटो नै हराएपछि तरकारी खेती तर्फ लागेको सुनाए । कृषिको उत्पादन भनेको जस्तोसुकै समयमा पनि खपत हुने र गर्न सके आम्दानी पनि राम्रो हुने कुरा बुझेपछि कृषितिर लागिएको शर्माले बताए ।

तरकारी लगाएको छोटो समयमा नै तरकारीको उत्पादन राम्रो हुँदा निकै खुसी लागेको तर , रातको समयमा निकुन्जबाट गैंडा आएर तरकारी खाईदिदा नोक्सान समेत भएको उनले गुनासो गरे । पहिलो लटमा खासै राम्रो उत्पादन हुन नसक्दा लगानी पनि उठाउन गाह्रो भएको तथा वर्षामा नजिकैको खोलाबाट बाढी पसेर पनि नोक्सान गरेको समेत उनले बताए ।

सुरुआतमा प्रतिव्यक्ती चार लाख रुपैँया लगानी जुटाएका उनिहरुले लगानीमा कहिँकतैबाट पनि ऋृण नखोजी कामको थालनी गरेको राम बहादुर श्रेष्ठले बताए । श्रेष्ठ यसअघि पनि कुखुरा पालन व्यवासयमा संलग्न अनुभवी थिए । कोरोनाका कारण कुखुराबाट पनि यो वेला उत्साहजनक स्थीति नभएकाले साथीहरुको संगत पाएपछि खेतीतिर पनि लागेको श्रेष्ठले बताए ।

बाँझो जमिनको सदुपयोग भएसंगै यहाँका स्थानियले पनि खाली समयमा काम समेत पाएका छन । तरकारी रोप्ने देखी गोडमेल र तरकारी टिप्नका लागि स्थानियलाई दैनिक ज्यालादारीमा काममा लगाउने गरेको उनले बताए ।



का.जि.द.नं.: १११/०६३/०६४ कास्की प.क्षे.हुलाक निर्देशनालय द.नं.: ६/०६५/०६६

आरसी
# आर्थिक टाइम्स
२०७७ मंसीर २९ गते सोमबार




प्रदेश सरकार
भूमीव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

## गण्डकी प्रदेशका कृषक वर्गमा मन्त्रालयको अनुरोध

यस मन्त्रालयले कृषि तथा पशुपन्छी व्यवसाय सञ्चालनका लागि कृषि ऋण लिएका कृषकहरुलाई अधिकतम तीन वर्षका लागि ऋणको ५% (पाँच प्रतिशत) ब्याज रकम अनुदान उपलब्ध गराउँदै छ । त्यसैले यस अवसरबाट लाभान्वित हुन कृषि ऋण लिएका र हालसम्म व्याज अनुदान नपाएका कृषि पेशासँग सम्वन्धित सवैमा अनुरोध गर्दछौं ।

बाली तथा पशुपन्छी बिमा गरेका कृषकहरुलाई सम्वन्धित कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र मार्फत बिमा शुल्क (प्रिमियम) को २५% रकम अनुदान उपलब्ध गराईने भएकोले बाली तथा पशुपन्छीको बिमा गरी जोखिम न्यूनीकरण गर्दै आफ्नो लगानी सुरक्षित गर्नुहुन अनुरोध गर्दछौं ।

उल्लेखित कार्यक्रमहरुको बारेमा थप जानकारीका लागि मन्त्रालयको वेबसाइट www.molmac.gandaki.gov.npबाट कार्यक्रमसँग सम्वन्धित मापदण्डहरु डाउनलोड गर्न तथा सम्वन्धित कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रमा कार्यालय समयमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

सम्पर्क बिवरण:

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, पोखरा, टेलिफोन नं. ०६१–५९०५८६, ०६१–४६७७०८
कृषि ज्ञान केन्द्र, गोरखा, टेलिफोन नं. ०६४–४२०११३
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, गोरखा, टेलिफोन न.०६४–४११२५१
कृषि ज्ञान केन्द्र, लमजुङ, टेलिफोन नं. ०६६–५२०१३०
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, लमजुङ, टेलिफोन न.०६६–५२०१३१
कृषि ज्ञान केन्द्र, तनहुँ, टेलिफोन नं. ०६५–५६०१३०
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, तनहुँ, टेलिफोन नं.०६५–५६०२०५
कृषि ज्ञान केन्द्र, स्याङ्जा, टेलिफोन नं. ०६३–४२०१३०
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, स्याङ्जा, टेलिफोन नं. ०६३–४२०१०८
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कास्की, टेलिफोन नं. ०६१–५२००८२
कृषि ज्ञान केन्द्र, पर्वत, टेलिफोन नं. ०६७–४२०१३०
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाग्लुङ, टेलिफोन नं.०६८–५२०१२१
कृषि ज्ञान केन्द्र, म्याग्दी, टेलिफोन नं. ०६९–५२०१३०

बाली तथा पशुपन्छी उद्यमको बिमा गरौं,
बजारमुखी उत्पादन वृद्धिसँगै आर्थिक समृद्धिमा योगदान पुर्याऔं


# तरकारी खेती गर्ने कृषकलाई नगरको सहयोग




**शुशिला रेग्मी /आरसी टाइम्स**
**रामपुर, मंसीर २९**

रामपुर नगरपालिका वडा नं ७ का तरकारी उत्पादक कृषकलाई प्लास्टिक टनेल वितरण गरिएको छ । एक वडा एक उत्पादन कार्यक्रम अर्न्तगत वडा नं ७ को कार्यालयले बेमौसमी तरकारी खेती उत्पादन गर्न कृषकलाई टनेल वितरण गरेको हो । नगर प्रमुख रमणबहादुर थापाले प्लास्टिक टनेल वितरण गर्दै स्वस्थ बाली उत्पादनमा जोड दिन कृषकलाई अनुरोध गरे । जुन उद्देश्यले सामग्री सहयोग गरिएको छ सोही अनुरुप सही ठाउँमा लगानी गरी आयस्तर बढाएर कृषिबाटै आत्मनिर्भर बन्न थापाले कृषकलाई अनुरोध गरे । रामपुर नगरपालिका कृषि शाखा प्रमुख रामहरी पाण्डेयले टनेलभित्र गरिने तरकारी खेती प्रबिधि सम्बन्धि ज्ञान सीप कृषकलाई सिकाएका थिए । नगरपालिकाले टनेलमा खेती गर्न यसवर्ष ११० वटा प्लास्टिक टनेल, १२ वटा प्लास्टिक पोखरी, १६ वटा च्याउ घरलाई आवश्यक पर्ने प्लास्टिक सिट वितरण गरिएको कृषि शाखा प्रमुख पाण्डेयले बताए । कृषक मनोरथ भट्टराईले अनुदानमा प्राप्त गरेको सामग्रीलाई सही ठाउमा लगानी गर्ने प्रतीबद्धता जनाएका छन् । । वडाले कृषिमा टनेल अनुदान कार्यक्रम अन्तर्गत प्लाष्टिक टनेल वितरण गरेको वडा अध्यक्ष तिर्थप्रसाद पंगेनीले जानकारी दिए । वडाको तीन लाख वजेटमा ६५ जना कृषकलाई वितरण गर्ने कार्यक्रम अन्तर्गत टनेल निर्माण सम्पन्न गरेका २२ जना कृषकलाई टनेल वितरण गरिएको वडा सचिव धनेन्द्रराज खनालले जानकारी दिए । अनुदान कार्यक्रममा छनौटमा परेका अन्य कृषकलाई टनेल निर्माण सम्पन्न भएपछी प्लास्टिक टनेल वितरण गर्ने कार्यालय सहायक गिता पौडेलले बताएकी छन् । वडा सदस्य कमलराज भट्टराईले कृषि बाली उत्पादनमा वडाले प्राथमिकता दिएको बताए । अर्का वडा सदस्य दुर्गादेवी भण्डारी गौतमले वडाले बेसार खेती बिस्तार तथा प्रवर्द्धन कार्यक्रम, बेमौसमी तरकारी उत्पादन कार्यक्रम संचालन गरिरहेको र यसवर्ष टनेलमा तरकारी खेती कार्यक्रमलाई प्राथमिकता दिएको जनाइन् ।


तीनै तहका सरकार जिम्मेवार;
अन्त्य गरौं लैङ्गिक हिंसा र दुर्व्यवहार
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


### महत्वपूर्ण फोनहरु

| | |
|---|---|
| गण्डकी प्रदेश प्रमुख | ०६१ ४६७६६६ |
| गण्डकी प्रदेश मुख्य मन्त्री | ०६१ ४६७८५१ |
| गण्डकी प्रदेश कृषि मन्त्री | ०६१ ४६७८८५ |
| गण्डकी प्रदेश कृषि सचिव | ९८५६०२३२७३ |
| संघीय कृषि सचिव | ९८५११२८१२९ |
| प्रमुख जिल्ला अधिकारी, कास्की | ९८५६००७७७७ |
| कास्की जिल्ला समन्वय समिति प्रमुख | ९८५६०३८७८३ |
| कास्की जिल्ला समन्वय समिति उप प्रमुख | ९८४६३२०५ |
| जिल्ला समन्वय अधिकारी, कास्की | ९८५६०२५४०८ |
| पोखरा महानगरपालिका प्रमुख | ९८५६००३०३५ |
| पोखरा महानगरपालिका उपप्रमुख | ९८५६००३०३४ |
| पोखरा महानगरपालिका प्रशासकीय अ. | ९८५६००७१११ |
| कृषि ज्ञान केन्द्र स्याङ्जा प्रमुख | ९८५६०२८४४४ |
| कृषि विकास निर्देशनालय | ०६१–५०२७३ |
| पशु सेवा निर्देशनालय | ०६१ ५२०४५४ |
| पशु विकास फार्म | ०६१४३०३७३ |
| कृषि अनुसन्धान लुम्ले | ०६१ ६२२१७४ |
| माछा अनुसन्धान | ०६१ ४६३१४९, ४६२००४ |
| बागवानी केन्द्र प्रमुख | ९८५६०३८५५० |
| माटो वैज्ञानिक | ०६१ ४६०१८७ |
| बाली तथा विषादी विज्ञ | ०६१ ४६१५४५ |
| चिया तथा कफी विकास बोर्ड | ०६१५५०४२२ |
| गण्डकी आयुर्वेद औषधालय | ०६१ ५६०५२८ |
| अख्तीयार कार्यालय | ०६१५४०४५० |
| कफी सहकारी संघ कास्की | ९८४६१८४४१५ |
| जिल्ला कृषि सहकारी संघ कास्की | ९८४६०२९३१८ |
| जिल्ला कफी उत्पादक संघ कास्की | ९८५६०२९७०१ |

**कास्की गाउ पीलका सम्पर्क**

| | |
|---|---|
| अन्नपुर्ण प्रमुख | ९८५६००१७०० |
| प्रशासकीय अधिकृत | ९८५६०५४८०० |
| माछापुच्छ्रे प्रमुख | ९८५६०१७३११ |
| प्रशासकीय अधिकृत | ९८५६०१७३१० |
| मादी प्रमुख | ९८५६०७२६०१ |
| प्रशासकीय अधिकृत | ९८५६०७२६०० |
| रूपा प्रमुख | ९८५६०८४००९ |
| प्रशासकीय अधिकृत | ९८५६०८२१०१ |

**पोखरा स्वास्थ्य उपचार**

मोडेल हस्पिटल हटलाइन : ५३९८०३
पश्चिमाञ्चल अस्पताल :५२००६६,५३३०९९
इमर्जेन्सी :५३१९५४
फेवासिटी हस्पिटल :५३२६८५,५३२६८६
आँखा अस्पताल : ४६११६८,४६११५६
मनिपाल : ५२६४१६,५२६४२०
क्षयरोग अस्पताल: ५२१०६४
चरक मेमोरियल :५५०४९३
फिस्टेल हस्पिटल: ५२८९९९,५२७५५३
ओम हस्पिटल :५३४००७,५३४५६६
पद्म नर्सिङ्ग होम :५२०१५९,५३३४८५
गण्डकी शिक्षण अस्पताल: ५५०२५३

**सुरक्षा इकाईहरू:**

कन्ट्रोल रूम भेडकल: ४६२५००
जिल्ला प्रहरी : १००, १०३, ५२००३३
प्रमुख जिल्ला अधिकारी :४६३०७६

**आपतकालीन सेवाहरू:**

एम्बुलेन्स / दमकल : ५२०२२२,९८४६१५५८८९
एम्बुलेन्स/रक्तसंचार:५२१०९१, ९८५६०२५८२८
सिद्धार्थ एम्बुलेन्स/शववाहन : ५३०२००,
बोरिङ्ग खानेपानी पाइने : ५२८००९

**कम्प्युटर सेवा**

कन्चन कम्प्युटर सेवा: ०६१–५४१०३८, ५५१४२
पाइला कम्प्युटर सेवा ९८०६६४१३५०,५३१०९१


अग्नी यातायात पोखरा
५३५७९२, ९८५६०४१५१५

नवलपुर डेढगाउँ –भिमाद–पोखरा बससेवा
पुर्ण थापा : ९८०६७३९९२७

गोरखा–पोखरा
माइक्रो वस सेवा
लालबहादुर राना
९८४३९९०७८०,९८१८०८९०२२
९८१८०८९०२२,९८६१००८४०७
९८१६१२४३५६
नवराज श्रेष्ठ ९८४६०५६३६४

वाग्लुङ्–पोखरा दैनिक वस
धौलागीरी बस: ९८५६०६६६८०

वालिङ्–पोखरा माइक्रो बस
९८४६३०४७३३



## खाद्यपदार्थ सरोकारका व्यापारी तथा व्यवसायीहरुमा हार्दिक अपील

–खाद्य तथा दाना उद्योगहरुले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयबाट अनुज्ञा पत्र लिएर मात्र आफ्नो उत्पादन गर्नु हुन ।
–सफा भाडाकुडा / औजार तथा गुण्स्तरीय र स्वच्छ कच्चापदार्थको प्रयोग गरेर आफ्नो उत्पादन गर्नु हुन ।
–कुनैपनि प्याक गरिएको खाद्यपदार्थको लेवलमा व्याच नम्बर, उत्पादन मिति, उपभोग्य मिति, समिश्रण , तौल, मुल्य र उत्पादकको पुरा नाम ठेगाना उल्लेख गर्नु हुन ।
–उपभोग्य मिति समाप्त भएका खाद्यपदार्थ पसलमा राख्न नहुने, उपभोग्य मिति समाप्त हुनासाथ उपभोग्य मिति समाप्त भएका खाद्यपदार्थ भन्ने ट्याग लगाएर छुट्टै राख्न सकिने तर जतिसक्दो चाँडो नष्ट गर्ने व्यवस्था गर्नुहुन ।
–होटल, रेष्टुरेण्ट, मिठाइ पसल, क्यान्टीन आदिमा सरसफाइको राम्रो व्यवस्थाका साथै उचित स्थानमा सफा शौचालयको व्यवस्था गर्नु हुन तथा शौचालयमा साबुन, पानी तथा हात पुछ्नका लागि सफा टावेलको व्यवस्था गर्नुहुन ।
–मासुजन्य र शाकाहारी खाद्यय पदार्थलाई छुट्टाछुट्टै भण्डारण गर्नु हुन ।
–हाइड्रो , अखाद्य रङ्ग जस्ता अखाद्य रसायनहरु खाद्य पदार्थमा प्रयोग नगर्नु हुन र कुनै पनि पकाएर खानुपर्ने खाद्यपदार्थहरुमा स्वीकृत खाद्य रंग समेत प्रयोग नगर्नु हुन ।
नोट : अनुगमनको क्रममा माथि उल्लेखित व्यवस्थाका साथै प्रचलित नियमानुसार सञ्चालन भएको नपाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुने व्यहोरा अनुरोध छ ।
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, पोखरा , इमेल : ftqd0pokhara@gmail.com, वेवसाइट : www.dftqc.gov.np, फोन : ०६१–५५०४२४


प्रकाशक तथा सम्पादक : रामचन्द्र बराल, Web: www.aarseetimes.com.np
कार्यालय: नयाँबजार, पोखरा, फोन : ५४०६२२, सेलफोन : ९८४६०२७८४१, E-mail: arsi.times@gmail.com, मुद्रण:हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा

## सम्पादकीय ..........

### एकिकृत परियोजना सुचना बैंक खाँचो

गण्डकी प्रदेशका विभिन्न ८५ वटा पालिकाहरुमा विभिन्न आन्तरिक तथा वाह्य निकायहरुको लगानीमा विभिन्न परियोजनाहरु सञ्चालन भइरहेका छन् । प्रादेशिक कृषि मन्त्रालयले नमूना कृषि गाउँ परियोजना सञ्चालनका लागि विभिन्न अनुदानहरु प्रवाह गरिरहेको छ । चारसय मोडल कृषि फार्म र ३६ नमुना कृषि गाउँ परियोजना सञ्चालनका लागि विगत २ वर्षमा प्रबाह गरिउका लगानीले प्रदेश सरकारसँग स्थानीय तहका परियोजनाका दावेदारहरुले पनि सहकार्य गरिरहेका छन् । कृषि विकासकै क्षेत्रमा पनि विषयगत र क्षेत्रगत सम्बन्ध भएका दर्जन बढी गैससका परियोजनाहरु गण्डकी प्रदेशमा क्रियाशील छन् । बजारमुखी कफी उत्पादन र बजारीकरणका क्षेत्रमा विगत देखिनै कुनै न कुनै परियोजना क्रियाशील थिए र अद्यापी नया परियोजनाहरु प्रवेशको तयारीमा छन् । एकै विषय क्षेत्रमा दुइ भन्दा बढी गैससले इलाका बाँडीचुडी परियोजना चलाउने पनि गरेका छन् । यस्तो अवस्थामा परियोनाको नियमनकारी संयन्त्रको अभावले परियोजनामा दोहोरोपन हुने, जसका लागि हानथाप र अपजस पन्छाउने प्रवृत्तिले विकासको गति र उपलब्धी मापनमा समस्या भइरहेको छ । कतिपय सरकारी र गैरसरकारी सहकार्यमा भएका परियोजनाको पनि कर्मचारी र लाभग्राही भनिएका समुहका नेताहरुमात्र परियोजनाका बारेमा जानकार रहेका र जनसामान्यले गुनासो पनि राख्न नसक्ने अवस्थाले परियोजना सुशासनमा शंदेह पैदा भएका पनि छन् । पछिल्ला दिनमा दलीय प्रतिनिधिहरुको शासकीय सहभागिताले विकासमा सुशासन कायम गर्नु भन्दा पनि दलीय लाभ अनुकुलताका रणनिति उनमुख हुनसक्ने शन्देह पनि बढाएको छ । प्रादेशिक विकास परियोजनाहरुको सुशासन सन्तुलनका लागि प्रदेशका हरेक मन्त्रालयले क्षेत्रगत परियोजनाका क्रियाकलापमा बैदेशिक लगानी गर्ने एजेन्सीहरुको नियमन गर्नाका लागि पनि परियोजनाहरुको ट्राफिक चेक गर्ने इकाइ निर्माण गरेर लाभ र प्रभावको अनुगमन गर्नु आवस्यक देखिएको छ । यसकालागि एकिकृत परियोजना सुचना प्रवाह गर्न प्रदेश सरकारका इकाइहरुले चासो राख्नु जरुरी छ । यो अभ्यासले प्रादेशिक विकास सन्तुलन र सुशासनका लागि प्रदेशका विषयगत मन्त्रालयहरुलाई पाठ सिक्न र नागरिक सुरक्षा तथा असर नियन्त्रणमा सहजीकरण गर्न सजिलो हुने छ ।

नागरिकहरुमा हार्दिक अनुरोध

घरपालुवा कुकुर तथा बिरालोलाई
नियमितरुपमा रेबिज विरुद्धको खोप लागाऔं
प्राण घातक रेबिज रोगबाट ...



आँफु बचौं र
अरुलाई पनि बचाऔं ।

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र,लमजुङ्ग
सम्पर्क : डा.रुपेश श्रेष्ठ, ९८५६०४५३२१

# ‘ परनिर्भर कृषिको विडम्बनालाई बदल्न कृषिमा सकारात्मक हस्तक्षेप थालिएको हो ’

❒ –भूपराज अधिकारी, प्रमुख , गल्याङ्ग नगरपालिका

**कृषि विकासका माध्यमबाट स्थानीय आत्मनिर्भरता बढाउन पहलगर्ने स्थानीय सरकारहरुको खोजी गर्दा स्याङ्जाको गल्याङ्ग नगरपालिका गण्डकीका सरकारहरुमा अग्रणी देखियो । कृषि क्षेत्रमा बजेट विनियोजन मात्रै महत्वको होइन तर भाषणमा मात्र कृषि मैत्रि देखिने र कृषिमा बजेट नै विनीयोजन नगर्ने जमातमा बजेट पनि पहिलो पाइला हो ।**

**प्रदेशकै महानगर पोखरालाई उछिन्दै कृषिमा लगानी गर्ने गल्याङ्गले जे गर्दैछ, त्यो अरु स्थानीय सरकारका प्रधान सेवकहरुका लागि पनि प्रेरक सबाल हो । अझ गण्डकी प्रदेशका नागरिकहरुमा आफ्नो प्रदेश र आफ्ना प्रतिनिधी जे गर्दै छन् र अरु के गर्दैछन् ? भन्ने सबालमा सूसुचित हुनका लागि पनि यो संवाद श्रृंखला जरुरी हो ।**

**यहि सन्दर्भमा गल्याङ्ग नगरका प्रमुख भूपराज अधिकारी(५३)संग स्थानीय संचारकर्मी केपी खनालको समन्वयमा आरसी टाइम्स साप्ताहिकका लागि रामचन्द्र बरालले गरेको डिजिटल सम्बादको सम्पादित अंश :**




**गण्डकी प्रदेशका स्थानीय सरकारहरुमध्ये कृषिमा बजेट विनियोजन गर्नेहरुमा तपाइको गल्याङ्ग नगर पालिका अग्रणी रहेछ । पालिकाको कृषि लगानी योजना कसरी जुर्यो ?**

नेपालको समग्र अवस्था हेर्दा कृषि क्षेत्र नै विकास र सम्बृद्धिको आधार हो भन्ने कुरा विर्सनु भएन । आफ्ना नागरिकहरु यति धेरै कृषिमा लागेको अवस्थामा पनि भारतबाट अरवौ रुपैयाँको कृषि उपज आयात गर्नुपर्ने अवस्था हुनु अत्यन्त विडम्बनाको कुरा हो । पेशा पहिचानमा कृषि भन्ने अनि सधैं बाहिरबाट किनेर चलाउनुपर्ने अवस्था भएपछि कहिल्यै पनि आत्मनिर्भर हुन सकिदैन । यहि विडम्बनालाई बदल्न कृषिमा सकारात्मक हस्तक्षेप गर्नु जरुरी ठानीयो ।

त्यही कारण गल्याङ नगरपालिकाले नगर भित्रका गरिब किसानहरुलाई आत्मनिर्भर बनाउने र आत्मनिर्भर भैसकेका किसानहरुलाई व्यवसायिकरण तर्फ उन्मुख गराउँदै स्वरोजगारी र रोजगारी निर्माण गर्ने अभियानमा प्रेरित गर्न बजेट प्राथमिकीकरण गरिएको हो । यसका लागि अहिले हामी स्थानीय किसानलाई यसबारे सचेतना गराउने र कृषि कर्ममा लाग्न उत्प्रेरित गराउने अभियानमा क्रियाशिल छौं ।

**कृषिमा करोड लगानीको पालिकामा रुपान्तरीत हुन के आधारले प्रेरित गर्यो ?**

मैले अघि नै भनिसकें कि तपाई के काम गर्नुहुन्छ भन्दा वा कुनै फाराम भर्नुपरेमा ‘कृषि’ भन्ने तर त्यही कृषि पेशा गरेको भनेको व्यक्तिले भारतबाट ल्याएको तरकारी, मासु र खाद्यान्न खरिद गरेर जिविकोपार्जन गर्ने । यो अवस्था भएपछि कहिले आत्मनिर्भर बन्ने ? अनि विदेशी मुलुकमा धेरै श्रम गरेर कमाएको पैसा कृषि सामाग्री खरिदमा जाने र कृषि कर्म गरिरहेको परिवारले किनेर काम चलाउने स्थीति देखियो । यस्तो अवस्था भएपछि हामी कहिल्यै पनि स्वाबलम्बी र आत्मनिर्भर बन्न सक्दैनौं र परनिर्भरताको चक्र सधैंभर रहन्छ । यही कारण हामीले कृषि क्षेत्र मार्फत व्यवसायिक र आत्मनिर्भर बनाउँदै रोजगारी र स्वरोजगारी सिर्जना गर्ने तर्फ अगाडि बढ्यौं । आफै उत्पादनमा लाग्न सकियो भने एकातिर विषादी प्रयोग भएको किनेर खानुपर्ने बाध्यता हट्छ र स्वास्थ्यलाई धेरै फाइदा पुग्छ, अर्कातर्फ धेरै उत्पादन गरेर विक्री गर्न सकियो भने आयआर्जनको बाटो पनि हुन्छ । त्यसकारण हामीले यसलाई जोड दिएका हौं । अहिले पनि हाम्रो कार्यालयमा दैनिक रुपमा कयौं व्यक्तिहरु किड्नी फेल भएका, अरु दीर्घरोग भएका व्यक्तिहरु उपचार खर्चका लागि आउने गर्नुहुन्छ । यो भनेको विषधीयुक्त खानाको कारण हो । हामी घरमा नै उत्पादन गर्न सक्यौं भने धेरै रोगहरुबाट पनि मुक्ति पाइने अवस्था छ । र विक्रीको कुरा गर्ने हो भने चाहे पशुबाट मासु वा दुधको कुरा गर्नुस् वा तरकारी जस्ता कृषि उपजको कुरा गर्नुस्, धेरै रकम त यही किन्नमा हाम्रा परिवारहरुको खर्च भैरहेको छ ।

**धरातलीय रुपमा वास्तविक प्रेरक आधारहरु चाही के हुन त ?**

मैले भन्न खोजेको कुरा के हो भने अहिले नेपालमा दुध, मासु वा खाद्यान्नको बजार राम्रो छ । व्यवस्थापन गर्दा कुनै पनि वस्तु बिक्री नभएर फाल्नुपर्ने अवस्था छैन । त्यसमा पनि गल्याङ नगरपालिकासँगै जोडिएका दुई वटा मुख्य बजार पोखरा र बुटवलमा यसलाई निर्यात गर्न सकियो भने नै हामीलाई प्रशस्त पुग्छ । पोखरामा यसको ठूलो माग छ, बुटवलमा पठाउन सकियो भने भारतीय बजारलाइ काउन्टर दिन सक्छ । यीनै बजार सम्भावना र स्थानीय नागरिकहरुको कृषि जन्य खर्च कटौतीका रैथाने उपायको खोजीले कृषिमा लगानी गर्नु हाम्रालागि चुनौति हो र अवसर पनि हो । हामीले यि सबै कुराहरुको मुल्याङ्कन गरेर कृषि क्षेत्र मार्फत विकास र सम्बृद्धि ल्याउने सपना देखेका छौं र त्यसमा अत्यन्तै सकारात्मक ढंगले प्रगति पनि भैरहेको छ ।

**कृषिमा करोड लगानीको योजनाका ती आधार निर्माणमा स्थानीय मागका आधारमा वा राजनीतिक इच्क्षा शक्तिका आधारमा ? कुन कारणले बढी प्रभाव पारेको होला ?**

यसमा त थोरै धेरै तीन वटै आधारहरु छन् नै । तर मुख्य कुरा राजनीतिक इच्छाशक्तिले काम गरेको भन्न चाहान्छु । किन भन्दा यो अवस्था त अहिले भर्खरै सिर्जना भएको त होइन । मैले अघि भनेको खाद्यान्न किन्नुपर्ने र यसै कारण माथि उकासिन नसकिने अवस्था त धेरै पहिले देखि नै थियो । यसलाई सम्बोधन गर्न यो भन्दा पहिले राजनीतिक इच्छाशक्तिमा पारिएन । राजनीतिक पृष्ठभूमि अलग हुनेको त कुरा भएन, तर आफ्नो विगत र राजनीतिक पृष्ठभूमि सोही अनुसार भएपनि आफु पदमा पुगेपछि कुनै न कुनै रुपमा विगत विर्सने अवस्था बन्यो र समस्या जहाँको त्यहीं रह्यो ।

स्थानीय मागको कुरा गर्नुपर्दा त्यो माग हुन पनि सक्छ र नहुन पनि सक्छ । किनभने यसो गर्दा धनी बनिन्छ, स्वाबलम्बी बनिन्छ, आत्मनिर्भर बनिन्छ भन्ने कुरा स्थानीय नागरिकलाई कतिपय जानकारी हुन्छ, कतिपय त्यो बाटो नै थाहा नहुने पनि हुन सक्छ । त्यसको बाटो देखाउने भनेको जनप्रतिनिधिले नै हो । जुन जनप्रतिनिधिमा त्यस विषयमा इच्छाशक्ति हुन्छ, उसले मात्रै यसलाई प्राथमिकतामा राख्न सक्छ । अझै पनि बाटो खन्नुस्, भवन बनाउनुस् यही कुरालाई विकास मान्ने चलन अझै गइसकेको छैन । यो पनि एउटा पाटो त हो तर बाटो बनाउने किन ? बाटो खनेर चामलका बोरा र तरकारी किनेर घरमा लैजान मात्रै भएर त विकास भएन नी । त्यसैले विकास भनेको पूर्वाधार निर्माणको कुरा मात्रै होइन । आत्मनिर्भर र स्वाबलम्बी बन्ने कुरा पनि हो भन्ने कुरा नबुझेका जनतालाई पनि बुझाएर काम गर्नुपर्छ नै । र गल्याङ नगरपालिकाका किसानहरुको यसमा निकै उत्साहपूर्ण सहयोग भैरहेको छ ।

**कृषि योजनाको पहिलो चौमासिकमा कति प्रतिशत खर्च प्रबाह गरियो ?**

पहिलो चौमासिकको कुरा गर्नुपर्दा अहिलेसम्म ३१ प्रतिशत खर्च प्रवाह भएको छ । योजना सम्झौताका क्रममा रहेकाहरुको फछ्र्यौट त धेरै पछाडी नै हुन्छ । र अहिलेसम्मको कामको कुरा गर्नुहुन्छ भने यसमा धेरै उपलब्धीहरु देखिएका छन् । पहिलो त स्थानीय नगरवासीहरुमा कृषि कर्ममा संलग्न हुने, अग्रसरता देखाउने र यसबाट नै आत्मनिर्भर बन्न सकिन्छ, व्यवसायिक बन्न सकिन्छ, स्वरोजगारी र रोजगारी सिर्जना गर्न सकिन्छ, थोरै रकमका लागि विदेश जानु पर्दैन भन्ने कुरामा विश्वास बढ्दै गएको छ ।

**आँटेका कामहरुमा कति उपलब्धी हासील भइरहेको होला ?**

ठ्याक्कै देखिने उपलब्धीको कुरा गर्नुपर्दा बाहिरबाट आलु किनेर खानुपर्ने ठाउँमा अहिले झण्डै दश करोड रुपैयाँ बराबरको स्थानीय कृषि उपज कारोबार भएको छ । पाँच हजार रोपनी भन्दा बढि क्षेत्रमा अदुवा खेती भैरहेको छ । करोडौं रुपैयाँको अदुवा उत्पादन हुँदैछ । दुधमा प्रतिलिटर १५ रुपैयाँ अनुदानको व्यवस्थाले गर्दा किसानको हातमा प्रत्यक्ष रुपमा पैसा पुगेको छ र किसान अत्यन्तै हर्षित देखिनुभएको छ । बाख्राको पकेट क्षेत्र लगायतका अन्य धेरै कामहरु अगाडि बढेका छन् । बाँझो जग्गाको सदुपयोग हुन लागेको छ । यसैलाई सँगै जोड्नका लागि भूमि बैंकको अवधारणा समेत हामीले ल्याएका छौं । सबैभन्दा ठूलो कुरा त कृषिबाट नै केही हुन्छ भन्ने कुरामा नगरवासीहरु अत्यन्तै सकारात्मक ढंगले बुझेर लाग्नुभएको छ । यो नै हाम्रो लागि अहिले महत्वपूर्ण कुरा र अवसर बनेको छ ।

**पालिकालाई कृषिमा रोलमोडल बनाउन प्रदेशको सहयोग खाँचो छ की छैन ?**

पक्कै पनि हामी गल्याङ नगरपालिकालाई कृषिमा रोलमोडेल बनाउने अभियानमा जुटिरहेका छौं । यो नगरपालिकाको एक्लो प्रयासले मात्रै सम्भव छैन । सबैभन्दा बढि स्थानीय नगरवासीकोसहयोगचाहिन्छ ।त्यसमा अत्यन्तै सकारात्मक ढंगले नगरवासीहरु लागिरहनुभएको छ । अर्को कुरा यसका लागि प्रदेश मात्रै होइन, संघको पनि सहयोग चाहिन्छ । किनभन्दा नगरपालिका ठूलो मात्रामा उत्पादन गर्नका लागि नगरकै श्रोत साधन अपर्याप्त हुन सक्छ ।

**कुन क्षेत्रमा प्रदेशको सहयोग अपेक्षा राखीएको छ ?**

खासगरी ठूला योजना निर्माणका लागि प्रदेशको सहयोग खाँचो पर्न सक्छ । कृषि उत्पादन बढाउनका लागि यस सँगै जोडिएका अन्य विकासका पूर्वाधार हुन्छन् । जस्तै, खानेपानीका कुराहरु हुन्छन्, सिंचाईका कुराहरु, बाटोघाटोका कुराहरु हुन्छन् । त्यस्ता कुराहरुमा प्रदेशको सहयोग आवश्यक हुन्छ । यसैगरी नगरपालिकामा ठूलो परिणाममा उत्पादन भएका वस्तुहरुको निर्यात गर्नुपर्ने हुन सक्छ । वा उत्पादित वस्तुको बजारिकरण गर्ने भनौं अर्थात् प्रशोधन गर्ने कुरामा पनि प्रदेशको सहयोग चाहिन्छ । यसैगरी कृषिलाई आधुनिकिकरण गर्ने कुरामा ठूलो मात्रामा कृषि औजार र अन्य प्रविधिका कुराहरु पनि हुन्छन् । मुलत: ठूला ठूला पकेट क्षेत्र अन्तर्गतका परियोजना, प्रशोधन र बजारिकरणमा प्रदेशको सहयोग हुन सक्यो भने हामीलाई कृषिमा रोडमोडल बनाउन सहयोग पुग्छ ।

वेवसाइट बनाउन परेमा सम्झनै पर्ने ठाउँ
WEBPAGE NEPAL
वेबपेज नेपाल न्यूरोड, पोखरा फोनः ०६१– ५३२३०५, ९८०११२६६९७

# जीवीकोपार्जन सुधारका लागि कृषि सन्देश

## जीवीकोपार्जन सुधारकालागि कृषि औजार वितरण



❒ परियोजना टोली
पोखरा, मंसीर २९

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमरपोखरामहानगरपालिकाको समन्वयमा असल छिमेकी सहयोग संघ (गोनेसा–नेपाल) ले २०७७ साल साउन महिना देखि कोभिड - १९ प्रतिकार्यका लागि सामाजिक –आर्थिक पुनर्उत्थान परियोजना सञ्चालन गरिरहेको छ । युएनडीपी र पोखरा महानगरपालिकाको आर्थिक साझेदारीमा असल छिमेकी सहयोग संघ (गोनेसा–नेपाल) द्वारा संचालन परियोजना अन्तर्गत पोखराका विभिन्न १३ ओटा वडामा विभिन्न कार्यक्रम गरिएको छ । वर्तमान कोरोना भाइरस रोगको महामारीबाट सामाजिक(आर्थिक रुपमा प्रभावित खासगरी विपन्न, गरिब एवं पिछडिएको वर्गलाई कृषिकर्ममा अगाडी बढाउने र

जीविकोपार्जन सुधार गर्ने लक्ष यस परियोजनाले लिएको छ । कृषकलाई सिपमुलक व्यवसायिक कृषि तालिम, बिरुवा उत्पादन गर्ने आधुनिक नर्सरी निर्माण, कृषकको उपज लामो समय भण्डार गरको लागि आधुनिक चिस्यान गृह निर्माण लगायतका गतिविधि परियोजनाले गरिसकेको छ । साथसाथै विपन्न कृषकलाई तरकारी खेतीको लागि

कृषि औजार वितरण तथा आधुनिक फलामे प्लास्टिक गर निर्माण जस्ता गतिविधि हाल संचालनमा रहेको जानकारी परियोजनाका फिल्ड अधिकृत अनिल बाँस्तोलाले जानकारदिएका छन् । यस परियोजना अन्तर्गत गोनेसाले पोखरा २४ कास्कीकोटलाई अदुवा पकेट क्षेत्रको रुपमा विकास गर्दै छ भने वडा न २८, १३ र १६ मा प्रांगारिक कृषक पाठशाला संचालन गरि प्रांगारिक सिकाइ तथा प्रदर्शनी केन्द्र स्थापना पनि गर्ने छ । परियोजना अन्तर्गत महानगरपालिकाले कृषकलाई स्थानीय कुखुरा पालनमा सहयोग, बाझो जमिनमा खेति अनुदान, साना कृषि यन्त्र जस्तै हाते ट्याक्टर लगायतका कार्यक्रम संचालन गरिरहेको गोनेसा नेपालका फिल्ड अधिकृत बाँस्तोलाले जनाएका छन ।

**जीवीकोपार्जन सुधारका लागि कृषि परियोजनाका लागि संयुक्तराष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को सहयोग र पोखरा महानगरको साझेदारीमा गोनेसा–नेपाल द्वारा प्रस्तुत**

---

**प्रदेश सरकार**
**भूमीव्यवस्था, कृषितथा सहकारी मन्त्रालय**
**पशुपन्छी तथा मत्स्यविकास निर्देशनालय**
**भेटेरीनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र, कास्की**
**गण्डकी प्रदेश, पोखरा**

## जैविक सुरक्षा विधि अपनाउन कृषकहरुमा अनुरोध

फार्मलाई रोगको संक्रमणबाट बचाउने क्रियाकलापलाई जैविक सुरक्षा भनिन्छ।रोगी पशु छुट्याएर राख्ने, प्रयोग भएका सरसामान तथा गाडीसाथै गोठ(खोर निसंक्रमण गर्ने, अन्य जनावर तथा मानिसको फार्ममा प्रवेश रोक लगाई रोगको कारक तत्व भित्रिन नदिने उपाय अबलम्बन गर्नु जैविक सुरक्षा विधि अपनाउनु हो ।

यसले निम्न फाईदाहरू हुन्छ :

–यो रोग नियन्त्रणको सस्तो र प्रभावकारी विधि हो ।

–यसको अबलम्बन गरेमा बाह्य रोग फार्म परिसरमा भित्रिन दिदैंन ।

–रोगफैलिन बाट रोकि रोकथाम, नियन्त्रण तथा रोगको प्रभाव न्युनिकरण गर्नकोसाथै उपचार खर्चमा कटौति गर्न महत्वपूर्ण भूमिका खेल्छ ।

–जुनोटिक रोगको खतरालाई कम गरि जनस्वास्थ्यलाई पर्ने असरलाई कम गर्छ ।

–जैविक सुरक्षा विधि रोग फैलिएको बेला मात्र नभई सधैं अपनाउनु पर्छ ।

**जैविक सुरक्षा लगानी हो, खर्च होईन ।**

---

**प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनलाय**
**गण्डकी प्रदेश, पोखरा**

## प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७७/०८/१९

यस निर्देशनालयको आ.व. २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार देहाय बमोजिमका कार्यक्रमहरु कार्यान्वयनको लागि आवश्यक कागजात सहित साझेदारी गर्न ईच्छुक आवेदकहरुबाट प्रस्ताव पेश गर्ने सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र यस निर्देशनालयमा वा जिल्ला स्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुमा सम्बन्धित कार्यक्रमहरुको मापदण्डहरुमा तोकिएका ढाँचा अनुसार प्रस्ताव दर्ता गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत यो सुचनाद्वारा जानकारी गराईन्छ।

| क.सं. | कार्यक्रमको नाम | आवेदक | साझेदारी प्रतिशत | साझेदारी हुने रकम |
|---|---|---|---|---|
| १ | पशु कल्याण सहयोग कार्यक्रम | समूह/समिति/सहकारी/संघ/संस्था/स्थानिय तह | ९० | बढिमा रु १० लाख |
| २ | दुग्ध चिस्यान केन्द्र स्थापनाका लागि सहयोग कार्यक्रम | समूह/समिति/सहकारी | ९० | बढिमा रु १० लाख |
| ३ | दाना उद्योग स्थापना कार्यक्रम | फर्म/कम्पनी/समूह/सहकारी | ५० | बढिमा रु १ करोड |

**आवश्यक कागजातहरू:**

क) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को अनुसूची -३ अनुसारको निवदेन
ख) दर्ता/स्थापना सम्बन्धी संस्थाको दर्ता प्रमाण पत्र र PAN/VAT दर्ता प्रमाण पत्रको प्रतिलिपि।
ग) गत आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
घ) नवीकरण गर्नुपर्ने भएमा नवीकरण प्रमाणपत्रको प्रतिलिपि
ङ) समूह/समिति/सहकारी/संघ/संस्थाको हकमा संचालक समितिको बैठक निर्णयको प्रतिलिपि।
च) सम्बन्धित स्थानिय तहको पशु सेवा शाखा र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस।
छ) प्रस्तावित निर्माण स्थलको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करारमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्युनतम १० वर्षको लागि प्रचलित कानून बमोजिम भएको करार सम्झौताको प्रतिलिपि।
ज) निर्माण कार्यको डिटेल कस्ट स्टिमेट
झ) अघिल्ला दुई आर्थिक वर्षमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र।
ञ) सामाजिक, धार्मिक तथा पर्यावरणमा असर वा क्षति नगर्ने प्रतिवद्धता पत्र

प्रस्तावको ढाँचा तथा कार्यक्रम कार्यान्वयन कार्यविधि र मापदण्ड यस निर्देशनालयको वेबसाईट dlfd.gandaki.gov.np वा मन्त्रालयको वेभसाईट www.molmac.gandaki.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

**जानकारीका लागि: ईमेल dlfd.gandaki@gmail.com सम्पर्क नं. ०६१-५२०४५४**

---

**प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**कृषि विकास निर्देशनालय**
**गण्डकी प्रदेश**
**मालेपाटन, पोखरा**

## कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्वन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति: २०७६/०८/०५

यस निर्देशनालयको आ.व २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका कार्यक्रम संचालनका लागि गण्डकी प्रदेश अन्तर्गतका कृषि उद्धमी, फर्म, कम्पनी, कृषि सहकारी, कृषक समुहले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन (कार्यालय समय) भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताब सहित देहायका उल्लेखित सम्पूर्ण कागजातहरु क्रम संख्या १ मा रहेको मनाङ जिल्लामा मात्र संचालन हुने कार्यक्रमको हकमा कृषि ज्ञान केन्द्र लमजुङ वा कृषि विकास निर्देशनालय पोखरा मध्ये कुनै एक निकायमा र क्रम संख्या २ को कार्यक्रमको हकमा यस निर्देशनालयमा मात्र प्रस्ताव पेश गर्न सक्ने गरी यो सूचना प्रकाशन गरिएको छ।

**कार्यक्रमको विवरण**

| क्र.स | कार्यक्रमको नाम | स्वीकृत लक्ष्य | प्रति परियोजना अधिकतम अनुदान रकम | प्रस्तावकले व्यहोर्नपर्ने न्यूनतम रकम | कार्यक्रम संचालन हुने क्षेत्र |
|---|---|---|---|---|---|
| १ | स्याउ वगैंचा सुधार तथा व्यवस्थापन कार्यक्रम | १ | १५ लाख | स्याउ वगैंचा सुधार तथा व्यवस्थापन कार्यक्रम २०७६ को अनुसुचि ७ बमोजिम | मनाङ जिल्लामा मात्र । |
| २. | कलमी काँठी/Bud wood सर्टिफिकेशन प्रविधि मार्फत अमिलो फलफुलका बिरुवा उत्पादन कार्यक्रम | १ | ५० लाख | निजि उद्यमीको हकमा कुल लागतको ५० प्रतिशत तथा कृषक समुह र सहकारीको हकमा कुल लागतको २५ प्रतिशत | गण्डकी प्रदेशका सबै जिल्ला |

**आवश्यक कागजातहरु**

- कृषि फर्म वा कम्पनीको हकमा संस्थाको नविकरण सहितको दर्ता रइजाजत प्रमाणपत्र PAN/VAT दर्ता प्रमाणपत्र र आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
- कृषक समूह र कृषि सहकारी संस्थाको हकमा दर्ता प्रमाण पत्र, आ.व २०७५/०७६ को वार्षिक अडिट रिपोट र संस्था संचालक समितिको बैठकको निर्णय प्रतिलिपी
- जग्गाको लालपुर्जा वा लिजमा लिएको भए सोको प्रतिलिपी
- स्थानिय तह वा सम्बन्धीत वडा कार्यालयको कार्यक्रम दोहोरो सहयोग दोहोरो नभएको वा नहुने र कार्यक्रम विन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।
- कृषि ज्ञान केन्द्रको सिफारिश पत्र

**अन्य आवश्यक कागकाजहरु :**

| क.स | कार्यक्रमको नाम | निवेदन र प्रस्ताको ढाँचा |
|---|---|---|
| १ | स्याउ वगैंचा सुधार तथा व्यवस्थापन कार्यक्रम | स्याउ वगैंचा सुधार तथा व्यवस्थापन कार्यक्रम संचालन कार्यविधि २०७६ को दफा ७ बमोजिमको योग्यता भएको, अनुसुची २ बमोजिमको निवेदन तथा काजताजहरु, अनुसुची ३ बमोजिमको उत्पादन कार्ययोजना बिवरण, अनुसुचि ४ बमोजिमको प्रतिवद्धता |
| २ | कलमी काँठी /Bud wood सर्टिफिकेशन प्रविधि मार्फत अमिलो फलफुलका बिरुवा उत्पादन कार्यक्रम | उन्नत जातको फलफुलका बिरुवा/कलमी काँठी प्रमाणिकरण प्रविधि मार्फत अमिलाजात फलफुलका बिरुवा उत्पादनका लागि फलफुल नर्सरीमा जालिघर निर्माण सहयोग कार्यक्रम संचालन कार्यविधि २०७६ को दफा ५ बमोजिमको योग्यता भएको अनुसुचि २ बमोजिमको निवेदन तथा काजजातहरु, अनुसुचि ४ बमोजिमको कार्ययोजना (प्रस्ताव) अनुसुचि ५ बमोजिमको प्रतिवद्धता |
| ३ | उपरोक्त कार्यक्रम माग गर्ने संस्थाले कार्यक्रम संचालनका लागि आवश्यक पर्ने विवरण/कार्यविधि निर्देशनालयको वेभसाइटमा हेर्न सक्नु हुनेछ। | |

थप जानकारीको लागि सम्पर्क

**कृषि विकास निर्देशनालय, गण्डकी प्रदेश, पोखरा, ०६१-५२०२७३, ५२०२६३**
इमेल: addgandakipradesh@gmail.com, वेभसाइट: www.add.p4.gov.np

---

**गोठेमल छाप्रोमुनि खाडलमा गँहुत,**
**यसको प्रयोग गर्न जाने फाईदा हुन्छ बहुत**

प्राङ्गारिक वाली उत्पादनका लागि
सुधारिएको गोठेमल,
गहुँत, कम्पोष्ट मल, झोल मल, हरियो मल र
जैविक तथा घरेलु वानस्पतिक विषादी को प्रयोग गरौं ।

**स्वस्थ वाली उपभोग गरौं, स्वस्थ नागरिक वनौं ।**

सर्वसाधारणको हितका लागि:

ASK-NEPAL | Adaptation at SCALE | NICA | CISU CIVIL SOCIETY IN DEVELOPMENT | trianglen

## खनजोत नगरिकनै लसुन खेति गर्ने तरिका

सन्तोष सुवेदी

बदलिदो जलवायु साथै दक्ष जनशक्तिको वैदेशिक पलायनले कृषि क्षेत्रमा नराम्रो असर परेको बेला माटो रहित खेति प्रणाली, खनजोत रहित खेति प्रणाली प्रयोगमा आउन थालेका छन। कम लागत, कम मेहनतमा पर्यावरणमा असर नपारी, माटोको संरचना नबिगार्ने गरी बढी उत्पादन लिन सकिने प्रबिधीमा खनजोत नगरि रोपीने लसुन खेती लोकप्रिय हुन थालेको छ ।

संसार भरिमै गानो बालीमा प्याज पछि दोस्रो मुख्य मसला बालीका रुपमा लसुनलाइ मानिन्छ । स्वादिष्ट खानाका साथै आयुर्वेदबाट नै उक्त रक्तचाप, पाचनप्रणाली, मटु रोग र हाड जोर्नि दुखाईको औषधिको रुपमा प्रयोग गरिदै आएको छ। तरकारी, अचार, चटनी, मासुको स्वाद बढाउन लसुनको प्रयोग हुन्छ। पौष्टिकताको हिसाबले पनि यसको गानोमा प्रोटिन, काबीहाइड्रेट , भिटामिन ए , सी र एलायसिन तत्व पाइनुका साथै जैविक खेति प्रणालीमा बिरुवाका विभिन्न रोग किरा कम गर्न प्रयोग हुने जैविक विषादी बनाउनको लागि पनि यसको प्रयोग गरिन्छ ।

खनजोत बिना माटोको संरचना नबिगारी गरिने खेती प्रविधिलाई शुन्य खनजोत खेती प्रबिधि भनिन्छ। धान कटिसकेपछि तुरुन्तै सिंचाईको अभावले कतिपय खेतहरु बाझै रहने बेला जमिन खेर जान नदिनको लागी धान काटिसकेपछि बाकी रहेको गांजको ठुटामा लसुनको केस्रा रोपी छापो लगाइ लसुन उत्पादन गरिने प्रविधिलाई शुन्य खनजोत लसुन खेति प्रबिधि भनिन्छ। शुन्य खनजोत लसुन खेति गर्दा निम्न तरिका अवलम्बन गर्न सकिन्छ ।

यदि धानबाली पछि लसुन लगाउने खेत हो भने सो खेतमा धान रोप्दा बोट देखि बोट को दुरी कायम राखी ९ २०–२५ सोमिामा धान रोप्नु पर्दछ जसले गर्दा पछि धानको गांज राम्रोसँग फैलिन सक्छ र लसुन लगाए पछि लसुनको गानो पनि ठुलो लाग्न पाउन्छ ।

धान पाकिसकेपछि काट्नेबेलामा जमिनबाट २–३ इन्च ठुटा माथि रहने गरि काट्नु पर्छ ।

ठाउँ अनुसार स्थानीय जातहरु जस्तै मार्फा लोकल, पाटने लोकल , गोदाम चौर लोकल छ भने हाइब्रिड आयातित जातहरुमा एग्री फाउन्ड, पन्जाब लसुन प्रयोग गर्न सकिन्छ ।

लसुन लगाउन पूर्व प्रशस्त पाकेको प्रांगारिक मल र १२०:८० :८० के.जी। प्रति हेक्टरका दरले नाइट्रोजन फस्फोरस पोटास खेतमा छर्नु पर्छ ।

खेतमा रहेको अवशेष चिस्यानको उपयोग हुने गरि धानको ठुटामा हसिया वा कुटोको सहायताले खोपेर प्रत्येक गांजमा एउटा एउटा केस्रा पर्ने गरि बीच भागमा राखी हातले हल्का थिच्नु पर्छ ।

लसुन लगाईसके पछि माथिबाट हल्ल्का परालको धुलो वा अन्य छापो हालिदिने जसले गर्दा छापोले माटोको चिस्यान कायम राख्छ र झारपात आउन बाट पनि कम गर्नुका साथै छापो बिस्तारै कुहिएर मलको रुपमा पनि काम गर्छ ।

मार्फा लोकल, पठाने लोकल, गोरामे चउर जातका लसुनहरु नेपालमा लोकप्रिय जात हुन। त्यस्तै एग्री फाउण्ड सेतो, यमुना सेफद, एग्री फाउण्ड पार्वती, पन्जाब लसुन केही आयातित लसुनका जात हुन। ठूलो आकारका चाईनिज लसुनले नेपाली बजारमा ग्राहकको मन जित्न सफल भएको देखिन्छ। ठूलो आकारका लसुनको बजार माग बढी रहेको र यसले मूल्य समेत अधिक पाउने गरेको छ।

उपयुक्त हावापानी : लसुन एक फराकिलो हावापानी अर्थात तराईदेखि उच्च हिमालसम्म खेती गर्न सकिने बाली हो। यसको लागि अत्यधिक गर्मी र अति चिसो दुवै हावापानी त्यति ठिक हुँदैन। धेरै लामो दिन र धेरै गर्मीमा लसुन रोपेमा लसुनका गानो बच्न सक्दैन। तर गानो बन्नका लागि लामो दिन र उच्च तापक्रम (विरुवा बढने भन्दा) चाहिन्छ

तापक्रमः गानो बन्नका लागि २५-३० सें तापक्रम उपयुक्त हुन्छ। १०-१५ सें मा वनस्पितक वृद्धि हुन्छ भने तापक्रम २० सें भन्दा माथि लागेपछि गानोको विकास सुरु हुन्छ।

गोडमेल र सिंचाई : लसुन पानी जमेको र सुख्खा दुवै सहन सक्दैन। साधारण चिस्यान गानो तयार नहुन्जेल चाहिन्छ। गानो लाग्ने र बढने बेलामा चिस्यान कम भए उत्पादन घटछ। गानो लागि सकेपछि बढी चिस्यान भएमा केस्राहरु पलाई गानाको गुणस्तर घटछ।माटोको चिस्यानको मात्रा हेरी लसुनको गानो तयार नहुन्जेलसम्म साधारण चिस्यान कायम राखी राख्न ५–७ दिनको अन्तरालमा सिंचाई गरिदिने तर गानो लागिसकेपछि भने सिंचाई कम गर्दै लानु पर्छ ।

बिना खनजोत गरिएको खेती हुदा झारपात आउने सम्भावना अलि बढी हुन्छ त्यसैले छापोमाथि आएका झारपातलाई हातैले समय समयमा उखेली हटाउनु पर्छ ।

बाली उखेल्ने तथा उत्पादन

बिना खनजोत लगाईएको लसुन खनजोत गरि लगाएको लसुन भन्दा केहि दिन छिटो तयार हुने पाईएको छ बाली लगाएको १३०–१५० दिनमा जात अनुसार २००० के.जी प्रति रोपनी उत्पादन लिन सकिन्छ हरियो सागको लागी हो भने पात हरियो हुदै उखेल्नु पर्छ तर गानोको लागि पात पहेलो भइ सुक्न लागेपछि उखेल्नु पर्छ। गानो राम्ररी तयार नहुँदै गानो खनेमा भण्डारणमा छिटटै कुहिन र गानोको गुणस्तर कम हुन जान्छ। यदी तयार भएको गानो समयमै नखने गानाहरु फुटने र केस्रा पुन पलाउन थालदछन्। लसुन खनेपछि खेतमै गानालाई बोटले छोपी सुकाई सम्पूर्ण बोट सुकेपछि छाया र हावामा राम्ररी सुकाईमाटो झारेर मात्र भण्डारण गर्नुपर्छ।

यसरी शुन्य खनजोत बाट लसुन खेती गर्दा खनजोत गर्न नपर्ने ,समय तथा लागत खर्च ३३५ ले कम लाग्ने साथै माटोको संरचना नबिग्री धान खेती पछि खेर गैरहेको चिस्यानको भरपुर सदुपयोय गरि १५(२०५ सम्म धेरै उत्पादन लिन सकिने हुदा लागत, उत्पादन र पर्यावरणीय हिसाबले किसानहरु यस प्रबिधि तर्फ आकर्षित हुदै गएका छन् ।

लेखक सुवेदी फलेवास नगरपालिकाका कृषि अधिकृत हुन ।

## कृषि बजार थोक मूल्य सूची

**पोखरामा सञ्चालित कृषि उपज थोक बजारको वस्तुगत औषत मूल्य सूची**

| तरकारीजन्य | | | फलफूलजन्य/विविध | | |
|---|---|---|---|---|---|
| वस्तु | थोक मूल्य (प्रति किलो) न्यू. | अ. | वस्तु | थोक मूल्य (प्रति किलो) न्यू. | अ. |
| गोलभेडा | ६० | ६५ | स्याऊ | १२० | १८० |
| बरेला | ९० | ९० | केरा | ६० | ७० |
| काउली | ३० | ३५ | अमला | १०० | १२० |
| ब्रोकाउली | १०० | १२२० | अनार | २८० | ३५० |
| घिउसिमि | १०० | १२० | सुन्तला | ६० | ८५ |
| मुला | २० | ३० | खरबुजा | ५० | ६० |
| करेला | ८० | ९० | मेवा | ८० | ९० |
| लौका | ५० | ६० | भुइकटर | १४० | १५० |
| राजमा | १८० | २०० | आलु रातो | ६० | ७० |
| कात्रो | ६० | ८० | आलु सेतो | ५० | ५५ |
| भिण्डी | १०० | १२० | आलु नीलो | ८० | ९० |
| हिउदे सिमि | १०० | १३० | फर्सी पाकेको | ३० | ३५ |
| बोडी | ७० | ७० | फर्सी हरियो | ३० | ३५ |
| भेडे खुर्सानी | १०० | १२० | लसुन | १७० | १८० |
| हरियो खुर्सानी | १०० | १२० | कागती(के) | १०० | १२० |
| प्याजकोसाग | १०० | १५० | अदुवा | ७० | ९० |
| चमसुर साग | ४० | ४० | गाजर | ८० | ९० |
| हरियो लसुन | १८० | २०० | प्याज | १०० | ११० |
| खोले साग | ४० | ५० | अकवरे | ५०० | ५०० |
| रायो साग | ३० | ४० | कन्ने च्याउ | १४० | १५० |


## फलफूल कृषकवर्गमा अनुरोध

सुन्तला, मुन्तला, कागती, भोगटे, बिमिरो, चाक्सी, ज्यामिर लगायतका सुन्तलाजात फलफूलहरुमा ग्रीनिङरोग प्रकोपको रुपमा देखा परिरहेकोले सुन्तलाजात फलफूलको उत्पादन तथा उत्पादकत्वमा ह्रास भई रहेको र व्यावसायिक बगैंचाहरु मासिँदै गएको अवस्था रहेको छ ।

**यसर्थ रोगको नियन्त्रण र सुन्तला जात बगैचा संरक्षणमा सघाउ पुऱ्याउन निम्न सुझावको पालना गर्न अनुरोध गरिन्छ ।**

- सरकारी निकायबाट तोकिएको स्रोत केन्द्रबाट मात्रै बिरुवा खरिद गरी लगाउने ।
- सामुन्द्रिक सतहभन्दा १ हजार मिटरभन्दा तल पर्ने स्थानमा सुन्तलाजात फलफूलका बिरुवा तयार गर्ने नर्सरी स्थापना नगनुहोला
- सामुन्द्रिक सतहभन्दा १ हजार मिटरभन्दा तल पर्ने स्थानका नर्सरीबाट उत्पादित बिरुवा खरिद गरी नलगाउनु होला ।
- सुन्तलाजात फलफूलका बिरुवामा लगाउँदा दक्ष प्राविधिकसँग सर-सल्लाह गरेपछि मात्र लगाउने ।
- नर्सरी धनीले बडउड (कलमकाठी) प्रमाणीकरण पद्धतिबाट बिरुवा उत्पादन गर्न सुरु गर्नुहोला
- यसका लागी आवश्यक पर्ने प्राविधिक तथा आर्थिक सहायताका लागि यस निर्देशनालयका पायक पर्ने कार्यालयमा सम्पर्क गर्नु होला ।
- कृषकहरुले बिरुवा लगाउँदा उपलब्ध भएसम्म बडउड प्रमाणीकरण पद्धति अपनाई जालीघरमा उत्पादित स्वस्थ बिरुवा खरिद गरी लगाउने ।
- शंकास्पद र रोग संक्रमित बिरुवाहरु नलगाउने र एक ठाउँबाट अर्को ठाउँमा नलैजाने ।
- रोगग्रस्त बिरुवा र बगैंचामा दक्ष प्राविधिकहरुको सर-सल्लाह लिई रोगी बिरुवाहरु काटेर नष्ट गर्ने ।
- रोग मुक्त भएको प्रमाणीकरण नभएसम्म बाहिरी जिल्लाबाट बिरुवा ल्याई नलगाउने ।
- नर्सरी धनीहरुले अनिवार्य रुपमा आफ्नै बगैंचामा गुणस्तरीय माउबोट लगाउने ।

गण्डकी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
**कृषि विकास निर्देशनालय, पोखरा**

## फलफूल–तरकारी–बनस्पति नर्सरी कन्सल्टेन्ट

**एभरग्रीन फूल तथा प्लान्ट**
**सिजनल फूल तथा प्लान्ट,जापानीज दुबो लगाउनु परेमा ताजा तरकारीका विरुवाहरु धार्मिक कार्यमा चाहिने वनस्पतिहरु**

**प्रो. देवी गुरुङ**

इन्डोर, आउटडोर प्लान्ट, गार्डेन डिजाइनिङ र ल्यण्डस्केप गर्नुपरेमा आजै सम्पर्क गर्नुहोला, मौकामा सेवा गर्ने अवसर दिनुहोस् ।

**पारीजात नर्सरी**
पोखरा–९, चाईनापुल छेउ, पृथ्वीचोक पूर्व
फोनः ५३८४३२, ९८४६०६६५३६

## फलफुलका विरुवाहरु रोपौं

**स्थानीय समृद्धीकालागि ब्यवसायिक हातेमालो गरौं**

स्क्रीनिङ्ग हाउस(जालीघर) भित्र हुर्काइएका फलफुलका कलमी तथा बिजु विरुवाहरु उपलब्ध छन्

**उपलब्ध विरुवाहरु**
मुन्तला, सुन्तला, जुनार कागती , आँप लीची लगायत अन्य जातका कलमी तथा विजु विरुवाहरु

**थापा फलफुल नर्सरी**
(स्थापनाः २०४४ )
गण्डकी गाउँपालिका–२
ताङ्लीचोक, याङ्दी, गोरखा
सम्पर्कःडीलबहादुर थापाः
९८०४१७५४७४, ९८१६१७८०९४

कृषि सम्बन्धी सम्पूर्ण सामाग्री र सल्लाहको लागि एकमात्र भरपर्दो ठाउँ
**सम्पूर्ण कृषि सामाग्री भण्डार, चिप्लेढुंगा, पोखरा**
सम्पर्क : ०६१-५४०७३०, ९८५६०२६४७९

अर्गानिक कफी बगैंचा बयली जाऔं, नेचुरल स्वादको कफी आफैं बनाएर खाऔं ।

## नेपाल ब्लु माउन्टेन अर्गानिक फार्म

'ग्रामिण कृषि पर्यटन प्रवर्द्धन गरौं ,समृद्धिका लागि एकीकृत सक्रियता बढाऔं'

तालिम, नर्सरी तथा अर्गानिक कफी खरिद बिक्रीका लागि सम्झनुहोस् ।

सम्पर्क फोनः९८४६२०८०१४, पोखरा

हरेक मौसम : रहेक अवसरमा ...तपाईको साथी
अन्तर्राष्ट्रिय स्तरको गुणस्तरीय कफी

## माछापुच्छ्रे अर्गानिक कफी

हल्लनचोक मार्ग, लेकसाइड, पोखरा





फोनः ९८४६१५१३१५, ९८५६०४८१४१
कफी खरिद बिक्रीका लागि हामीलाई सम्झनुहोस् ।

## तरकरी /फलफुलमा ढुशी नियन्त्रणका लागि अर्गानिक ढुशी ट्राइकोडर्मा

तरकारी ,फलफुल ,विरुवाको डाँठ र फेद कुँहिने, ब्याँक्टेरियल ब्लाइट गानो कुहिने , पातमा दाग, विरुवा सडने तथा ओइलाउने रोग र गोलभेडाको डढुवा लगायत रोग नियन्त्रणका लागि अचुक जैविक ढुशी ट्राइकोडर्मा प्रयोग गरौं र कृषि उत्पादन बढाउँ ।प्राविधिक सल्लाह र सुझाब पनि दिइन्छ ।जिल्ला बाहिरका किसानले पनि सेवा लिन सक्नेछन्।
नेपाल सरकार कृषि विकास मन्त्रालयद्धारा प्रबर्द्धन गरिएको
मिलिजुली आइ.पि.एम. स्रोत केन्द्र ,आँबु खैरेनी–१, बरादी, तनहुँ सम्पर्कःअध्यक्षः ९८५६०२४६५५, ९८४६८४८७०५ कार्यालयः०६५–४०२०५०

# मौसमी खेति र पशुधन सुरक्षाका लागि कृषकलाई चिट्ठी

–रामबहादुर केसी



गहुँ छरेको २०–३० दिन भित्र मुकुट जरा पलाउने अवस्थामा गहुँको जरा भिज्नेगरि पहिलो सिँचाई गर्नुहोस् । यस समयमा सिँचाई गरिएन भने मुकुट जरा सुक्न गई गहुँको उत्पादनमा कमि हुन जान्छ। गहुँ पहेँलो हुने समस्या बाट बच्न सिँचाई गर्दा पानी जम्न नदिन विशेष ध्यान दिनुहोस् ।

बिहानीपख कुहिरो लाग्ने हुनाले आलुबालीमा पछौटे डढुवा रोगको अनुगमन गर्नुहोस् । लक्षण देखापरेमा मेन्कोजेब ७५५ डब्लु.पी. २ ग्राम प्रतिलिटर पानीमा मिसाएर आलुको बोट भिज्नेगरि अपरान्ह पछि स्प्रे गर्नुहोस्।

व्यवसायिक रुपमा उखु खेती गरिने तराई क्षेत्रका ठाँउहरुमा खेर गएको उखुको टुप्पाबाट साइलेज बनाई जाडो याममा पशु वस्तुलाई आहाराको रुपमा प्रयोग गर्नुहोस् । यसको प्रयोगले गाईभैसीको दुध उत्पादनमा २०–२५ प्रतिशतले वृद्धि हुन सक्छ।

फौजी कीराले क्षती पुर्याएको धान खेतहरुमा गहुँ लगाइने भएमा साबधानी अपनाउनुहोस् । विशेष गरि पराल ओछ्याइएको र जिरो–टिलेज प्रविधि अपनाइने खेतमा गहुँ लगाउँदा फौजीकीराले नोक्सानी पुर्याउने संभावना ज्यादा हुने भएकोले नियमित अनुगमन गर्नुहोस् ।

ढुसी लागेको परालमा हुने माइकोटक्सिन ढुसीको कारणले विशेष गरि गाई र भैँसीमा डेगनाला रोग देखा पर्न सक्ने भएकोले पराल खुवाउँदा राम्ररी सुकाएर ओभानो पारेर खुवाउनुहोस् ।

बिहानीपख कुहिरो लाग्ने हुनाले आलुबालीमा पछौटे डढुवा रोगको अनुगमन गर्नुहोस् । लक्षण देखा परेमा मेन्कोजेब ७५ डब्लु.पी. २ ग्राम प्रतिलिटर पानीमा मिसाएर आलुको बोट भिज्नेगरि अपरान्ह पछि स्प्रे गर्नुहोस् । प्रकोप बढी भएमा फेनामिडोन १० मेन्कोजेब ५० % डब्लु.जी. वा डाइमेथोमोर्फ ५०% डब्लु.पी. १.५ ग्राम प्रतिलिटर पानीमा मिसाएर स्प्रे गर्नुहोस् ।

पंगास जातको माछाले चिसो मौसम सहन नसक्ने हुँदा बिक्री योग्य साईजको माछालाई अलग्गै छुट्टाई अन्य माछालाई करिब २–२–५ मिटर गहिरो पोखरीमा स्टकिंग गर्नका लागि आवश्यक तयारी गर्नुहोस् ।

रेड क्रियोल जातको प्याजको बीउ नर्सरीमा राखी छापो लगाउनुहोस। साथै बीउ राम्रो सँग उमार्नको लागि रोप्नु अघी १२ घन्टा जति पानीमा बीउ भिजाउनुहोस्।

तापक्रम कम हुँदै जादाँ लाही कीराको प्रकोप बढ्दै जाने हुनाले करेसाबारी र कौसी खेती गर्दा व्यवस्थापनका लागि एक भाग गाईको गहुँत ४ भाग पानीमा मिसाएर रातभरी राखी लाही लागेको ठाँउमा भिज्ने गरी भोलीपल्ट छर्कनुहोस् वा खरानीको धूलो लाही कीरा लागेको ठाँउमा बिहानीपख छर्कनुहोस् ।

भर्खर जन्मेका बाच्छा–बाच्छीहरुमा पिंक आई रोग देखापरेमा १५ बोरिक एसिडको झोल बनाई तीन–तीन घण्टाको फरकमा आँखा सफा गरिदिनुहोस् ।

सिफारिस गरिएका मध्ये उपलब्ध तोरीका जातका बीउ ०।५ के.जी. प्रति रोपनी वा ०.३४ के.जी. प्रति कठ्ठाका दरले बीउ उपचार गरि रोप्नुहोस् ।

गहुँ वालीमा सिन्दुरे रोगको प्रकोप कम गर्न पहाडमा कार्तिक १ देखि २५ गते भित्र र तराईमा मंसिर १ देखि २५ गते भित्र गहुँ छरि सक्नुहोस पहाडका लागि सिन्दुरे रोग अवरोधी बीउहरुः स्वर्गद्वारी, मुनाल, च्याखुरा तथा तराईका लागि बाणगंगा, बि.एल. ४३४१, एन.एल.९७१, आदित्य जातका बीउ उपचार गरेर मात्र छर्नुहोस

धान काटेपछिको ओसिलो खेतमा, शंखे कीराको प्रकोप भएको ठाँउमा र पानी जमेको वा सिमसार क्षेत्रमा पशुवस्तुहरु चराउँदा नाम्लेरमाटे रोग लाग्न सक्ने भएकोले यी ठाँउहरुमा पशुवस्तु चराउन नलैजानुहोस् । जिरो टिलेज प्रविधिबाट गहुँ खेती गर्दा परम्परागत तरिका भन्दा १५-२५ प्रतिशत बढी उत्पादन लिन सकिने भएकोले यो प्रविधिबाट गहुँ खेती गर्नुहोस् ।

हिउँदे तरकारीहरुको नर्सरी ब्याड तयार गर्दा जग्गा खनजोत गरि १ भाग फर्मालिन ५० भाग पानीमा घोली जमिन भिज्नेगरि हालेर प्लास्टिकले ७ दिनसम्म ढाकि माटो उल्टाई पल्टाई गर्नुहोस

बाख्रामा मोओला लागेमा ५५ पोभीडन आयोडिन वा १५ कपर सल्फेट वा २५ बोरिक एसिडको झोल वा १५ पोटासको घोलले मुख सफा गर्नुहोस् ।

लागि सिन्दुरे रोग अवरोधी बीउहरु : स्वर्गद्वारी, मुनाल, च्याखुरा तथा तराईका लागि बाणगंगा, बि.एल. ४३४१, एन.एल. ९७१, आदित्य जातका बीउ उपचार गरेर मात्र छर्नुहोस् ।

गोलभैँडामा लाग्ने अगौटे डढुवारअल्टरनेरिया थोप्ले रोगको अनुकुल मौसम भएकोले रोगको व्यवस्थापनको लागि डाईथेन एम-४५, २ ग्राम प्रति लिटर पानीमा मिसाई ७-१० दिनको फरकमा २-३ पटक पात भिज्ने गरि पानी नपरेको समयमा स्टिकर मिसाई छर्कनुहोस् ।

## कृषि र पशु सम्वन्धी जिज्ञासाको लागि पैसा नलाग्ने नार्कको फोन ११३५ मा प्रत्येक सोमबार दिंउसो २ देखि ४ बजे सम्म फोन गर्नुहोस्


पोखरा महानगर पालिका
नगर कार्यपालिकाको कार्यालय

## कृषि तथा पशुविकास महाशाखा

गण्डकी प्रदेश , कास्की

सूचना प्रकाशन मिति २०७७।०६।२९

### कृषक वर्गिकरणको आधारमा कृषि उत्पादन सामग्रीमा अनुदान सम्वन्धि सूचना

पोखरा महानगरपालिका कृषि तथा पशु विकास महाशाखाको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार किसान वर्गिकरणका आधारमा कृषि उत्पादन सामाग्री (प्राङ्गारिक मल, बिउ, बिरुवा,बाली संरक्षण सामग्री , युभी प्लास्टिक) मा साना सिानलाई ७५ प्रतिशत, मध्ययम किसानलाई ५० प्रतिशत र ठुला किसानलाई २५ प्रतिशत अनुदानमा भौचर प्रणाली मार्फत यस महाशाखामा सूचीकृत भएका स्रोत तथा विक्रि केन्द्र बाट उपलब्ध गराउने कार्यक्रम रहेकाले यस महाशाखाको सफ्टवयर www.pokharakrishi.com मार्फत अनलाइन कृषक वर्गिकरण फर्म भरी आफुलाई आवश्यक पर्ने कृषि उत्पादन सामग्री अनुदानका लागि समयमै आवेदन दिनुहुन अनुरोध छ । चौमासिक लक्ष अनुसार बजेटको परिधिमा रही प्राप्त निवेदनका आधारमा छनौट गरि यथाशिघ्र सामाग्री व्यवस्थापनमा सहजीकरण गरिने छ ।



### माछा पारखी उपभोक्ताहरुलाई जानकारी

ताजा माछा र बासी माछा छुट्याउने तरिका सबै उपभोक्ताले जानेको बेस हुन्छ ।

सकेसम्म जिवित माछा नै खरिद गर्दा बेस हुन्छ ।
ताजा माछाको गिल्स उज्यालो रातो हुन्छ भने
बासी माछाको हकमा खैरो र सिंगान लागेको जस्तो हुन्छ ।
याद राखौं ताजा माछाको शरिरमा औंलाले थिच्दा गड्दैन भने
बासी माछाको हकमा औंला गडेको डाम बस्छ ।

मत्स्य विकास केन्द्र, मिर्मी ,स्याङ्जा



पोखरा महानगर पालिका
नगर कार्यपालिकाको कार्यालय

## कृषि तथा पशुविकास महाशाखा

गण्डकी प्रदेश , कास्की

सूचना प्रकाशन मिति २०७७।०६।३०

### प्राङ्गारिक तथा स्वस्थ कृषि उत्पादन विक्रीको आधारमा सहयोग सम्बन्धी सूचना

पोखरा महानगर पालिकाको स्वस्थ तथा स्थानीय कृषि उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तरगत प्राङ्गारिक तथा स्वस्थ खेतिगर्ने कृषकहरुले आफुले उत्पादन गरेका कृषि उपज महानगरपालिकाको साझेदारीमा सञ्चालन भएको किसान/कृषि उपज बजारमा विक्रि गरेको परिमाणका आधारमा तपशिल अनुसार स्वीकृत तक्ष र बजेटको परिधिमा रही सहयोग गर्ने कार्यक्रम रहेकोले सहभागी हुनुहन अनुरोध छ ।

**तपशिल**

–प्राङ्गारिक प्रमाणीकरण भएको कृषि उत्पादनका लागि प्रति केजी रु. ५ सहयोग
–स्वस्थ स्थानीय कृषि उत्पादनका लागि प्रति केजी रु. ३ सहयोग

**स्वस्थ उत्पादन भन्नाले**

–रासायनिक मल तथा विषादीको प्रयोग नगरी स्थानीय स्रोत साधनको प्रयोग गरि उत्पादित बस्तु
–प्राङ्गारिक पकेट क्षेत्र छनौट भएका स्थानमा उत्पादित बस्तु
–भौगालिक रुपमा उच्च( एक हजार मिटरभन्दा माथि ) उत्पादित वस्तु

**आवश्यक कागजात**

–प्रविधिकको सिफरिस
–किसान परिचय पत्र नंवर
–प्राङ्गारिक प्रमाणीकरण भए सो को प्रमाण
–सम्वन्धीत कृषि बजार समितिको विक्रि वितरण अभिलेख



प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

## बीउ बिजन प्रयोशाला

गण्डकी प्रदेश, पोखरा

### बीउ उत्पादन परिमाणको आधारमा नगद अनुदान कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रकाशित मिती:२०७७/०६/३०

यस कार्यालयको चालु आ.व. २०७७/७८ को वार्षिक स्वीकृत कार्यक्रममा रहेको बीउ उत्पादन परिमाणको आधारमा नगद अनुदान कार्यक्रम संचालनार्थ गण्डकी प्रदेश भित्रका ईच्छुक बीउ उत्पादकहरुले आवश्यक कागजातहरु संलग्न गरी **'बीउ उत्पादन परिमाणको आधारमा नगद प्रोत्साहन अनुदान कार्यक्रम संचालन मापदण्ड, २०७७'** मा उल्लेख भए बमोजिमको ढाँचामा **२०७८ साल बैशाख मसान्त भित्र प्रस्ताव पेश गर्नका लागि** यो सूचना प्रकाशन गरिएको छ ।

प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु:
-बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७'को अनुसूची ३ बमोजिमको निवेदन
-दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपि
-गत आ.व. को लेखापरीक्षण प्रतिवेदन
-नवीकरण गर्नुपर्ने भएमा नवीकरण प्रमाणपत्रको प्रतिलिपि
-करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
-अघिल्ला दुई आ.व. मा अनुदानको लागि प्रस्ताव आह्वान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र
-बीउ बिजन प्रमाणीकरण निर्देशिका, २०७४ ले निर्दिष्ट गरेको मापदण्ड अनुसार बीउ उत्पादन गरिएको प्रमाण र बीउ परीक्षणको नतिजा खुल्ने कागजातका प्रतिलिपि
-समूह/सहकारी संस्थाको हकमा बैठक निर्णयको प्रतिलिपि
-बीउ उत्पादन अनुभव सम्बन्धी कागजात
-प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा लिज करारमा लिई बीउ उत्पादन गर्नेको हकमा करार सम्झौताको प्रतिलिपि

(**पूनश्चः** उल्लेखित कार्यविधि तथा मापदण्ड यस कार्यालयको वेबसाइटwww.seedlabgandaki.gov.np बाट डाउनलोड गरी हेर्न सकिनेछ ।यस कार्यक्रम सम्बन्धमा यस अघि मिति २०७७ श्रावण १५ गते प्रकाशन भएको सूचना यस सूचना प्रकाशन भएको मितिबाट निष्कृय गरिएको छ।)

**थप जानकारीका लागि सम्पर्कः फोनः ०६१–६४८१०१/ ४६८०८७** , 9856013105
ईमेलः seedlabgandaki@gmail.com